प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश नं. १ विराटनगर

# आ.व. २०७८/७९ को

# आन्तरिक लेखापरीक्षण

# बेरुजूको एकीकृत वार्षिक प्रतिवेदन

# मन्तव्य

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३ ले प्रदेश सरकारको सञ्चित कोषको सञ्चालन गर्ने मूल जिम्मेवारी यस प्रदेश लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेको छ । कोषको सञ्चालन र एकीकृत वित्तीय विवरण तयारी कार्यका अलावा स्रोत साधनको प्रभावकारी परिचालन भएको सुनिश्चितता गर्नुपर्ने दायित्व समेत यस कार्यालयलाई आर्थिक कार्यविधि सम्बन्धी ऐन नियमहरूले तोकिदिएका छन् । यस प्रयोजनका लागि आन्तरिक नियन्त्रण व्यवस्था तथा आन्तरिक लेखापरीक्षणको सञ्चालन गर्नु र सो को लागि आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी यस कार्यालयमा रहेको छ ।

आर्थिक कार्यविधि नियमावलीले व्यवस्था गरे अनुरूप आन्तरिक लेखापरीक्षणको लागि प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाई कार्यालय हरूलाई जिम्मेवार गराइएको छ आन्तरिक लेखापरीक्षणबाट देखिएका मूलभूत कैफियतहरूलाई प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाई कार्यालयबाट एकल खाता कोष प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाइएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले आ.व. २०७८/७९ को विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाई कार्यालयहरूबाट सम्पन्न गरी प्राप्त प्रतिवेदनहरूमा समाविष्ट विषयहरू समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । आर्थिक वर्षको अन्तसम्म पनि ठूलो रकम पेश्की बाँकी रहने, प्रचलित आर्थिक ऐन नियम बमोजिम पूरा गर्नुपर्ने प्रकृयाहरू पूरा नभएको, स्वीकृत बजेट तथा कार्यक्रमका शीर्षकमा फरक पारी खर्च लेखिएको जस्ता प्रकृतिका कैफियतहरु आन्तरिक लेखापरीक्षणबाट पाइएको छ ।

आन्तरिक लेखापरीक्षण कार्यलाई थप सुधार तथा सबलीकरण गरी प्रदेशमा वित्तीय सुशासन कायम गर्न नीतिगत, संरचनागत र व्यवहारगत हिसाबले थप सुधार गर्दै जानु आवश्यक छ । प्रदेश संरचनामा समायोजन भएर आएका आर्थिक प्रशासनमा संलग्न जनशक्तिको वृतिपथलाई स्पष्ट पारी उत्प्रेरित तुल्याउने, मौजुदा जनशक्तिलाई केन्द्रियस्तर, कार्यसम्पादनस्तर, आयोजनागत / कार्यालयगतस्तरको लेखा राखे, प्रतिवेदन गर्ने र आन्तरिक नियन्त्रण तथा वित्तिय जिम्मेवारी वहन गर्न सक्ने तुल्याउन तालिम प्रदान गर्ने, समयमै आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने, आन्तरिक लेखापरीक्षण कार्यविधि तथा निर्देशिका लागू गर्ने र लेखापरीक्षण पश्चातको अनुगमन आवश्यकता समेतलाई समेटेर प्रतिवेदन प्रणाली सुधारको कार्य गर्ने लगायतका कार्यहरू सम्पादन गर्न प्रदेश लेखा नियन्त्रक कार्यालय प्रतिबद्ध छ । यस कार्यमा खर्च गर्ने / गराउने सम्बद्ध मन्त्रालय, निर्देशनालय तथा निकायहरूको वित्तीय जिम्मेवारी तथा जवाफदेहिता, वित्तीय

सुशासनप्रतिको प्रतिबद्धता र आन्तरिक लेखापरीक्षणको सुझाव कार्यान्वयन तत्परताको पनि महत्त्वपूर्ण भूमिका रहन्छ ।

आर्थिक वर्ष २०७८/७९ मा सबै कार्यालयहरूको विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोष तर्फका कारोवारको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याईएका ती कैफियतहरु समयमै समाधान गरी समग्र आर्थिक अनुशासन कायम राख्न सम्बन्धित निकायहरुको महत्वपूर्ण योगदान रहने नै छ ।

अन्तमा, आन्तरिक लेखापरीक्षण गर्ने कार्यमा संलग्न प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाई कार्यालयका सम्बद्ध कर्मचारीहरू र यो एकीकृत वार्षिक प्रतिवेदन तयारी कार्यमा संलग्न यस कार्यालयका आन्तरिक लेखापरीक्षण शाखाका कर्मचारीहरू लगायत आन्तरिक लेखापरीक्षण गर्न गराउन संलग्न अन्य निकायका प्रमुख तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

प्रदेश लेखा नियन्त्रक

## आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वेरुजु प्रतिवेदन सम्वन्धमा

सार्वजनिक निकायबाट गरिने आम्दानी तथा खर्च त्यसको लेखांकन प्रचलित कानून बमोजिम भए नभएको परीक्षण गरी वित्तीय पारदर्शिता र जवाफदेहिताको माध्यमद्वारा सुशासन कायम गर्नु नै आन्तरिक लेखापरीक्षण कार्यको मुख्य उद्देश्य हो । आन्तरिक लेखापरीक्षण प्रणालीले आर्थिक कारोवार नियमित, मितव्ययी र दक्ष भए/नभएको मापन गर्दछ । यसले सार्वजनिक निकायहरूलाई कार्यान्वयनका क्रममा हासिल गर्नुपर्ने नतिजातर्फ उन्मुख गराउनुका साथै सेवा प्रवाह तथा सेवा वितरणलाई प्रभावकारी गराउन पनि सहयोग गर्दछ ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ ले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको प्रदेश लेखा इकाई कार्यालयहरुवाट प्रदेश सरकार अन्तर्गतका सवै कार्यालयहरुको आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु पर्ने तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५(११) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले यस ऐन बमोजिम भएको आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री समक्ष पेश गर्नेछ भन्ने व्यवस्था रहेको छ। प्रदेश सरकार मातहतका सवै सरकारी कार्यालयहरूको विनियोजन, राजस्व, धरौटी तथा कानून बमोजिम स्थापित कार्यसञ्चालन कोष तथा सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयले तोके अनुसार हुने व्यवस्था गरे बमोजिम यस वर्ष मोरङ्ग जिल्लामा प्रदेश लेखा नियन्त्रक कार्यालयले तथा अन्य जिल्लाको हकमा प्रदेश लेखा ईकाई कार्यालयहरुवाट आ.व. २०७८/७९ मा भएका कारोबारहरूको आन्तरिक लेखापरीक्षण गर्दा देखिएका कैफियतहरूलाई एकीकृत गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।

आन्तरिक लेखापरीक्षण शाखा

# समिक्षात्मक टिप्पणी

- प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा ईकाई कार्यालयहरुवाट आ.व. २०७८/७९ को प्रदेश सरकारका निकायहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी तयार गरेको आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।
- आ.व. २०७८/७९ मा सञ्चितकोषबाट रु.२९९१५३७९५१६.८६ निकासा खर्च भएकोमा विनियोजनको आन्तरिक लेखापरीक्षणको बेरुजु अंक रु.३२५५६८१३५.६० देखिन आएको छ। उक्त बेरुजु रकम कुल निकासा खर्चको १.०९ % हुन आउँछ ।
- विनियोजन तर्फ नियमित गर्नु पर्ने बेरुजु रु. ५ करोड ३३ लाख ४६ हजार २ सय ८७ रुपैंया पैसा ७५, असूल उपर गर्नु पर्ने बेरुजु १ करोड २४ लाख ९७ हजार ३४ रुपैंया पैसा ५३ र पेश्की बाँकी रु २५ करोड ९७ लाख २४ हजार ८ सय १३ रुपैंया पैसा ३२ समेत कुल जम्मा बेरुजु अंक ३२ करोड ५५ लाख ६८ हजार १ सय ३५ रुपैंया पैसा ६० कायम भएको छ। कूल बेरुजु मध्ये पेश्की बाँकी बेरुजू ७९.७८% रहन गएको देखिन्छ।
- विनियोजन तर्फ जिल्लागत बेरुजु अंक हेर्दा सबैभन्दा बढी रु.१३८९२३१३३.६७ कुल बेरुजुको (४२.६७%) मोरङ्ग जिल्लाको देखिन्छ भने सबैभन्दा घटि रु.४७३०५२.७२ (०.१५%) संखुवासभा जिल्लाको देखिन्छ ।
- विनियोजन तर्फ मन्त्रालय/केन्द्रिय निकायगत रूपमा सबैभन्दा बढी पर्यटन तथा संस्कृति मन्त्रालयको रु. ९६२०८७३६.०२ बेरुजु कायम भएको छ जुन कुल बेरुजुको २९.५५% हुन्छ । पर्यटन तथा संस्कृति मन्त्रालयको कुल बेरुजु मध्ये रु. ९५३७६५९२.२६पेश्की बेरुजु (९९.१४%) रहेको छ। सबैभन्दा कम रु. २५८६०।२० मात्र आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ भने बेरुजु नभएका निकायमा प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश योजना आयोग रहेको देखिन्छ।
- धरौटी तर्फ जिल्लागत रुपमा संखुवासभा, झापा र सुनसरीमा र मन्त्रालयगत रुपमा खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, वन, वातावरण तथा भू संरक्षण मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा बेरुजु रहेको देखिन्छ ।
- कार्यसंचालन कोष(विविध) तर्फ जिल्लागत रुपमा ताप्लेजुङ, संखुवासभा, उदयपुर र सुनसरीमा र मन्त्रालयगत रुपमा वन, वातावरण तथा भू संरक्षण मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा बेरुजु रहेको देखिन्छ ।

ऋषि कुमार खनाल



प्रदेश लेखा नियन्त्रक

## १. आन्तरिक लेखापरीक्षणको परिचय

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं.-१ विराटनगर, मोरङ

### पृष्ठभूमि

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २ (ङ) मा "आन्तरिक लेखापरीक्षण" भन्नाले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट सम्बन्धित कार्यालयको उद्देश्य अनुरुपका कार्यसम्पादनसँग सम्बन्धित कानून, व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोवार र सो सँग सम्बन्धित कागजात एवं प्रक्रियाको जाँच, परीक्षण, विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मुल्याँकन गरी प्रतिवेदन गर्ने कार्यलाई जनाउँछ भन्ने व्यवस्था रहेको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ (१) मा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको प्रदेश लेखा इकाई कार्यालयबाट प्रदेश सरकारका सबै कार्यालयहरुको आर्थिक कारोवारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ भन्ने व्यवस्था रहेकोछ । यसै गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ (२) आफ्नो कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ भन्ने व्यवस्था उल्लेख भएको छ ।

कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजूहरू अन्तिम लेखापरीक्षण अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल गरी बेरुजू लगत कट्टा गराई वित्तीय जवाफदेहिता पूरा गर्नुपर्ने कानूनी व्यवस्था छ ।

तालुक कार्यालयले समेत आफु मातहत निकायको आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरुजूहरू समयमै फछ्र्यौट गरे नगरेको अनुगमन गरी समयमै आन्तरिक लेखापरीक्षण बेरुजू फछ्र्यौट गराउन आवश्यक कारवाही गर्नुपर्दछ ।

## २. आन्तरिक लेखापरीक्षणको उद्देश्य

सरकारी निकायबाट सम्पादन गरिने कार्यक्रमहरूमा गरिएको लगानी उक्त कार्यक्रमको निर्दिष्ट उद्देश्य हासिल गर्ने तर्फ नियमित, मितव्ययी र प्रभावकारी रूपले भए/नभएको परीक्षण गरी व्यवस्थापनलाई सुझाव दिनु हो । यसका अतिरिक्त निम्न विशिष्ट उद्देश्य रहेका छन् ।

(क) प्रदेश सरकारका सबै निकायहरुबाट निर्दिष्ट उद्देश्य हासिल गर्न गरिएको खर्च नियमित, मितव्ययी र प्रभावकारी भए नभएको परीक्षण गरी कार्यालयलाई सुझाव प्रदान गर्ने ,

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खनाल
प्रदेश लेखा नियन्त्रक

(ख) प्रदेश सरकारका सबै निकायहरूबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरूप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शिता र जवाफदेहीता कायम गर्न सहयोग पुऱ्याउने,

(ग) आन्तरिक नियन्त्रण प्रणाली प्रयोगको अवस्था सम्वन्धमा जाँच गर्ने

(घ) अन्तिम लेखापरीक्षण कार्यलाई सहयोग पुऱ्याउने,

## ३. आन्तरिक लेखापरीक्षणको क्षेत्र

उपलब्ध साधन र स्रोतको नियमित, मितव्ययी र प्रभावकारी तरिकाबाट प्रयोग गरी संगठनको निर्दिष्ट उद्देश्य हासिल गर्ने तर्फ केन्द्रित रही आन्तरिक लेखापरीक्षणबाट व्यवस्थापनलाई आवश्यक सुझावहरू उपलब्ध गराइन्छ । सामान्यतया आन्तरिक लेखापरीक्षणको कार्यक्षेत्र देहाय बमोजिम रहन्छ ।

(क) वित्तीय कारोबारको गणितीय शुद्धताको परीक्षण गर्ने,

(ख) प्रचलित कानूनको पालना भए नभएको परीक्षण गर्ने,

(ग) वित्तीय साधनको उपयोग मितव्ययी, दक्ष र प्रभावकारी रूपमा भए नभएको परीक्षण गर्ने,

(घ) स्वीकृत वार्षिक कार्यक्रमबाट निर्धारित लक्ष्य प्राप्त भए नभएको परीक्षण गर्ने,

(ङ) वित्तिय प्रतिवेदनहरूले आर्थिक कारोवारको सही र यथार्थ चित्रण प्रस्तुत गरे नगरेको परीक्षण गर्ने,

(च) लेखाङ्कन तथा प्रतिवेदनको स्वीकृत ढाँचा तथा मापदण्ड पालना भए नभएको परीक्षण गर्ने,

(छ) सार्वजनिक खर्चको जोखिम विश्लेषण गर्ने,

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खनाल
प्रदेश लेखा नियन्त्रक

## ४. बजेट विनियोजन र खर्चको स्वरुप

आर्थिक वर्ष २०७८/७९ मा रु ३२४६९२००००००.०० बजेट विनियोजन भएकोमा संघीय सरकारबाट रु २२९१६५३०००.०० थप भै रु ३४७६०८५३०००.०० बजेट कायम भएकोमा रु २९९१५३७९५१६.८६ संचितकोषबाट खर्च भएको छ ।संचितकोष वाहेक सशर्त अनुदानतर्फ स्वीट्जरल्याण्ड एस डि सि श्रोतको सोझै भुक्तानी रु.५१०५६५४७.०० रहेको छ । मन्त्रालयगत बजेट तथा खर्चको विवरण अनुसूची-१ मा रहेको छ ।

## ५. बेरुजुको स्थिति तथा सो को प्रकृति

### ५.१ आ.ले.प.को कूल बेरुजु स्थिति

प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सबै प्रदेश लेखा ईकाई कार्यालयहरूबाट प्राप्त बेरुजुहरूलाई संक्षेपिकरण गरी तयार पारिएको जिल्लागत एकीकृत प्रतिवेदन अनुसूची-२ मा उल्लेख छ । प्रतिवेदन अनुसार गत आ.व. २०७८/७९ को कूल आ.ले.प. बेरुजु रकमको स्थिति निम्न बमोजिम रहेको छः-

आ.व २०७८/७९ को कूल आ.ले.प बेरुजु रकम

| क्र.सं. | विवरण | विनियोजन तर्फ | धरौटी तर्फ | कार्यसञ्चालन कोष तर्फ | जम्मा | कूल बेरुजुमा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | ५३३४६२८७।७५ | ३९७२३५८।८९ | १७३९५६२।६४ | ५९०५८२०९।२८ | १७।६० |
| २ | असूल गर्नुपर्ने | १२४९७०३४।५३ | १८७०७०।०० | ४१७६०९७।५३ | १६८६०२०२।०६ | ५।०२ |
| ३ | पेश्की बाँकी | २५९७२४८१३।३२ | ०।०० | ०।०० | २५९७२४८१३।३२ | ७७।३८ |
| कूल जम्मा | | ३२५५६८१३५।६० | ४१५९४२८।८९ | ५९१५६६०।१७ | ३३५६४३२२४।६६ | १००।०० |

### ५.२ बेरुजुको प्रकृति

यस प्रतिवेदनमा भएका व्यहोराहरूलाई केलाउँदा धेरै कार्यालयका बेरुजूहरू समान प्रकृतिका छन् । आर्थिक वर्ष २०७८/७९ मा सरकारी कार्यालयहरूको विनियोजन तर्फको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गर्दा देखिएका बेरुजुलाई नियमित गर्नुपर्ने, पेश्की बाँकी, असुल उपर गरी ३ समूहमा विभक्त गरिएको छ ।

५.२.१ यस प्रतिवेदनमा रहेका बेरुजुका प्रकृतिहरूको साराशं

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत उत्तर आठौं



दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश नं. १

विनियोजन तर्फ

- पानी विजुली महशुल भुक्तानी गर्दा थप दस्तुर भुक्तानी गरेको
- वहाल कर कट्टी नगरेको
- बढी तलव भुक्तानी गरेको
- सवारी लगबुक नराखी इन्धन बिल भुक्तानी भएको
- पारिश्रमिक कर दाखिला नगरेको
- जिन्सी दाखिला नभएको तथा पुरा मूल्य आम्दानी नवाधेको
- ईन्धनको विल भुक्तानीमा अग्रीम आयकर कट्टा नगरेको
- भ्रमण खर्च बढी भुक्तानीभ्रमण प्रतिबेदन नभएको .
- कन्टीजेन्सी वापत छुट्टयाएको रकम भन्दा बढी खर्च गरिएको
- भत्तामा अपुग रकम तलव बाट खर्च लेखिएको
- पेश्की फर्छ्यौट नभएको
- बिल भर्पाइ पेस नभएको
- सम्बन्धितलाई भुक्तानी नदिएको र विल भन्दा बढी भुक्तानी भएको
- निर्माण कम्पनीलाइ भुक्तानी गर्दा धरौटी कट्टी नगरेको
- बोर्डिङ्ग पास पेश नगरी हवाइभाडा भुक्तानी लिएको
- कार्य सम्पादन जमानत रकम तथा अवधि कम भएको
- नापी किताबमा प्रमाणित गरी जारी नभएको
- टुक्रा पारी सम्भाव्यता अध्ययन, निर्माण कार्य तथा अन्य खरिद कार्य गरेको
- सार्वजनिक खरिद ऐन नियमको कतिपय प्रक्रिया विपरित भुक्तानी गरेको
- करार सम्झौता नगरी खर्च लेखेको
- बील नं र मिति नमिलेको
- परामर्श सेवावाट गरिने खरिदहरुको सार्वजनिक सूचना प्रकाशन नभएको
- कार्यालयको मौजुदा जनशक्तीवाट हुन सक्ने काम समेत परामर्श सेवाबाट खरिद गरेको
- तलवी प्रतिबेदन पारित नगरी तलव भत्ता भुक्तानी गरेको ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

धरौटी तर्फ

- संघीय सरकारबाट धरौटी रकम ट्रान्सफर नभएको
- राजश्वमा जम्मा हुनु पर्ने रकम धरौटीमा आम्दानी बाँधेको
- कर समायोजन वेगर धरौटी फिर्ता दिएको
- धरौटी रकम सदर स्याहा नगरेको
- धरौटी रकम आम्दानी बाँध्दा नामनामेसी नखुलेको
- जमानत जफत नगरेको ।

केन्द्रीय लेखा, व्यवस्थापन सूचना प्रणाली र म ले प फारामहरुको प्रयोग

- आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्य विषयगत मन्त्रालयहरुले अख्तियारी जारी गर्दा गोश्वारा भौचर तयार नगरी र तोकिएका केन्द्रीय लेखा सँग सम्वन्धित म ले प फारामहरु प्रयोग नगरेको ।
- परिमार्जित म ले प फारामहरु मध्ये आन्तरिक नियन्त्रण सँग सम्वन्धित म ले प फारामहरु (९००-९१०) अधिकांश कार्यालयहरुले प्रयोग नगरेको ।
- PAMS प्रयोग नगरेको ।
- आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।
- भुक्तानी बाँकी कच्चावारी स्वीकृत नभएको ।

## ६. आ.व.२०७८/७९ को निकाय तथा मन्त्रालयगत बेरुजुको प्रकृति

### (क) प्रदेश सभा सचिवालय

- भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता म.ले.प.फा.नं ९०८ मा अभिलेख राखुपर्नेमा प्रदेश सभाका माननीय सदस्य ज्यूहरुको भ्रमणको अभिलेख तोकिएको फारम बमोजिम राखुपर्ने।
- स्थानीय तहसँग भएको अन्तरक्रियामा प्रवचन वापतको प्रस्तुतकर्तालाई र प्रतिवेदकलाई प्रचालित नर्म भन्दा बढी रकम भुक्तानी गरेको ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

(ख) प्रदेश लोक सेवा आयोग

- परिक्षा सञ्चालन गर्न कर्मचारीहरुलाई लागत अनुमान संलग्न नराखी पेश्की उपलब्ध गराईएको देखिन्छ । यसरी पेश्की दिदा लागत अनुमान तयार गरि सोहि बमोजिमको रकम मात्र पेश्की भुक्तानी गर्नु पर्ने देखिन्छ ।
- खाजा खर्च बापत रकम भुक्तानी गरिएकोमा खाजा खर्च सम्बन्धी कार्यविधि २०७८ बमोजिम ई हाजिरी संलग्न गरि मात्र भुक्तानी गर्नुपर्ने ।
- परीक्षा सञ्चालनका लागि विद्यालयहरुले भवन उपलब्ध गराए बापत भाडा भुक्तानी गर्दा विद्यालयको खातामा सोझै रकम भुक्तानि गर्ने प्रणालिको विकास गर्नुपर्ने ।

(ग) मुख्य न्यायाधिवक्ताको कार्यालय

- PAMS को प्रयोग गर्नु पर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमाबली २०६४ को नियम १०,११,१२,१४ र ८८ तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(५) बमोजिम खरिद तोकिएको ढाँचामा लागत अनुमान तयार र स्विकृत गरेर मात्र खरिद प्रकृया गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालय निर्मित संरचनाको मर्मत अन्तर्गत फल सिलिङको काम गरि स्टाईल ईन्टेरियर डिजायनलाई रु.९८८६३/० भुक्तानि गरिएकोमा तोकिएको ढाँचामा लागत अनुमान तयार र स्विकृत नगरेको ।
- पूजिगत खर्च शिर्षकवाट मेशीनरी औजार आदि खरिद गर्दा स्पेशिफिकेशन तथा लागत अनुमान स्वीकृत गरी मात्र खरिद प्रक्रिया अवलम्बन गर्नुपर्ने ।

(घ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।
- वहाल कर कट्टी कम कट्टी गरेकोले असुल गर्नुपर्ने ।
- आयकर ऐन २०५८ बमोजीम वार्षिक आय गणना गरी नियमानुसार पाउने छुट गरी बाँकी आयको १० प्रतिशतले हुने उल्लेखित कर्मचारीहरुको पारिश्रमिक कर रकम असुल गर्नुपर्ने ।
- प्रशिक्षण कार्यक्रममा गाडि भाडा सम्झौतामा उल्लेख भएको भन्दा बढी रकम ईन्धन बापत भुक्तानी लिएको ।
- स्थिर सम्पतीमा ह्रास कट्टी वाट फर्निचर र मेशिनरी औजार खरिद गरेको देखिएकोले नियमित गर्नु पर्ने ।



ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

- पेश्की फर्छ्यौट गर्नुपर्ने ।
- कर्मचारी तथा पदाधिकारीको पारिश्रमिक भुक्तानी गर्दा म.ले.प.फा.नं. २२६ को ढाँचाको तलबी फारम(Payroll) नराखेको ।
- खर्चको बिल, लगबुक र मापदण्ड बमोजिम मासिक रुपमा भुक्तानी गर्नुपर्ने ।
- अभिमुखिकरण कार्यक्रमको भुक्तानी गर्दा कक्षा संचालन र कार्यपत्र बापत बढी भुक्तानी असुल गर्नुपर्ने ।
- प्रदेश मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीहरुको क्षमता विकास आवासिय तालिम कार्यक्रमको बढी भुक्तानी असुल गर्नुपर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण तालिम कार्यक्रममा बढी भुक्तानी रकम असुल गर्नुपर्ने
- तालिम संचालन खर्चको भुक्तानी "कार्य संचालन निर्देशिका,२०७७" बुँदा नं. ७.१.१५, सि.नं. ४, को प्रदेश/जिल्ला/नगरपालिकास्तर दर महल अनुसार खर्च लेख्नुपर्नेमा कक्षा संचालन र कार्यपत्रबापत बढी भुक्तानी भएको असुल हुनुपर्ने ।
- कतिपय धरौटी रकम फिर्ता गर्दा कर चुक्ता प्रमाणपत्र,मू.अ.कर समायोजन पत्र संलग्न गर्नु पर्नेमा सो अनुसार नगरेको ।

## (ङ) आर्थिक मामिला तथा योजना मन्त्रालय

- कार्यालयमा भएको विविध खर्च नियन्त्रणमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।
- नियमित रुपमा करकट्टी गरिएको भौचरको ETDS नियमित गर्नुपर्ने देखियो
- आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।
- भ्रमण अभिलेख नराखि भ्रमण खर्च भुक्तानी भएकोले भ्रमण अभिलेख राखि नियमित गर्नु पर्ने
- तलबी प्रतिवेदन पास नगराई तलब / ग्रेड भुक्तनि गरेको
- भुक्तानी कारोबारको सिफारिस पत्र म.ले.प.फा.नं.२०२, कर्मचारी दस्तखत नमुना फारम म.ले.प.फा.नं.२१० प्रयोगमा ल्याउनुपर्ने देखिन्छ ।
- बिल भन्दा बढी रकम भुक्तानी भएकाले असुल गर्नुपर्ने ।
- अधिकतम ग्रेड भन्दा बढी ग्रेड भुक्तानी भएकाले असुल गर्नुपर्ने ।
- धरौटीतर्फ नामनामेसी नखुलेका आम्दानी देखिएकोले रकम एकिन गर्नु पर्ने ।
- कार्यसंचालन कोष विविधतर्फ नामनामेसी नखुलेका आम्दानी रकम एकिन गरि सम्बन्धित कार्यालयमा फिर्ता गर्नुपर्ने ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

## (च) उद्योग, श्रम तथा रोजगार मन्त्रालय

- कार्यक्रमको पेश्की फछ्र्यौट कर कट्टी गरेको रकम बैङ्क दाखिला भौचर नभएको ।
- पारिश्रमिक कर कट्टी, भाडा कर कट्टी नभएको ।
- कार्यक्रम संचालनका लागि एउटा पेश्की फछ्र्यौट नगरी पुनः अर्को कार्यक्रमका लागि पेश्की दिइएको, लामो समय सम्म पे.फ. गर्ने नगरेको साथै स्वीकृत लागत अनुमान समेत संलग्न नगरेको ।
- सोधभर्ना भुक्तानी गर्दा बिल भन्दा बढी भुक्तानी गरेको ।
- वित्तिय तथा भौतिक प्रगति न्यून रहेको ।
- कार्यक्रमहरुको नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण नभएको ।
- भुक्तानीको लागी बिल, भरपाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबाट भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा.नं. २०२) सिफारिस भै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नु पर्नेमा सो बमोजिमको बमोजिमको म.ले.प.फाराम प्रयोग नभएको ।
- आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।
- तलबी प्रतिवेदन पास नगराई तलब / ग्रेड भुक्तनि गरेको
- जिन्सि निरीक्षणबाट देखाइएका मर्मत गर्नु पर्ने सामान मर्मत संभार गरी प्रयोग गर्ने तथा मर्मत नहुने सामान लिलाम बिक्रीको कारवाही गर्न पर्ने ।
- सम्झौता अनुसार बिमा बापत बढी भुक्तानी भएकोले असुल हुनु पर्ने ।
- खरिद इकाई गठन नभएको ।
- सवारी लगबुक व्यवस्थित गर्नुपर्ने ।
- सवारी मर्मतको अभिलेख PAMS मा नराखेको ।
- कार्यक्रममा सहभागी हुने व्यक्तिहरुको छनौट गर्ने निश्चित विधि तथा प्रकृया तय गर्नुपर्ने ।
- पूजिगत खर्च शिर्षकबाट मेशीनरी औजार आदि खरिद गर्दा स्पेशिफिकेशन तथा लागत अनुमान स्वीकृत गरी मात्र खरिद प्रक्रिया अबलम्बन गर्नुपर्ने ।
- स्वीकृत मर्मत आदेश बेगर हलुका सवारी साधन मर्मत सम्भार गरेको ।
- धरौटीमा आम्दानी प्राप्त भएको रकमको प्रयोजन र अवधी खुल्ने गरि विवरण राख्नुपर्ने धरौटी रकम सदरस्याहा गर्नुपर्ने ।
- तोकिएको ढाँचामा नगदि रशिद नियन्त्रण खाता नराखेको तथा नियमानुसार कार्यालय प्रमुखबाट निरिक्षण भएको नदेखिएको ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खनाल
प्रदेश लेखा नियन्त्रक

## (छ) कृषि मन्त्रालय

- सम्झौताभन्दा अनुदान रकम बढी भुक्तानी भएकोले असुलउपर गर्नुपर्ने ।
- अग्रिम आयकर कट्टी नभएको।
- वित्तिय तथा भौतिक प्रगति अपुग ।
- तोकिएको समयअवधि समाप्त भएको मितिले ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्ने कानुनी व्यवस्था पालना नभएको ।
- भुक्तानी कारोबारको सिफारिस पत्र( म.ले.प.फा.नं. २०२) प्रयोग नभएको ।
- आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।
- नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण नभएको ।
- तलवी प्रतिवेदन पास नगराई तलव / ग्रेड भुक्तनि गरेको ।
- विभिन्न अनुदान तथा प्रविधि हस्तान्तरण लागायतका कार्यक्रममा संस्था छनौट गर्दा मापदण्ड अनुसार सम्पुर्ण प्रकिया पुरा गरेर स्पष्ट हुने गरि मात्र छनौट गर्नुपर्ने ।
- कार्यपत्रबापत बढी भुक्तानी भुक्तानी भएकोले असुलउपर गर्नुपर्ने ।
- कार्यालयमा रहेका धेरै पुराना जिन्सी सामाग्रीहरु लिलाम बिकि गर्नु पर्ने ।
- अग्रिम आयकर र पारिश्रमिक कर बापतको रकम संघीय सरकारको राजश्व खातामा जम्मा हुनुपर्नेमा कार्यालय बाट सो रकम जम्मा नगरी सो बराबरको रकम बजेट खर्च घटाइ हिसाव मिलान गरेको ।
- भ्रमण अभिलेख खाता नराखी भ्रमण खर्च भुक्तानी गरेको ।
- सार्वजनिक खर्चलाई मितव्ययीता बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा ११ अनुसार प्रोत्साहन भत्ता अतिरिक्त समय काम गरेबापतको भत्ता ,जोखिम भत्ता, विशेष भत्ता खाजाखाना लगायतका कुनै प्रकारका भत्ता प्रदान गरिने छैन भनी उल्लेख भएकोमा कार्यालयले जोखिम भत्ता भूक्तानी गरेकोले असुल गर्नुपर्ने ।
- कार्यालयबाट कृषकलाई वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गर्नुपर्ने । अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपन नहुने र अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्ने ।
- पारित तलवी प्रतिवेदनभन्दा बढी ग्रेड भूक्तानी भएकोले असुल गर्नुपर्ने ।
- पेश्की फर्छ्यौट गर्नुपर्ने ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा लिलाम बिक्री गुर्नुपर्ने भनी औंल्याइएका जिन्सी सामाग्रीहरु लिलाम बिक्री कारवाही गर्नुपर्ने ।
- बिल भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने ।



ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खनाल
प्रदेश लेखा नियन्त्रक

- प्रादेशिक कृषि सम्बन्धि नीति नियम तथा योजना तर्जुमा गर्ने मातहतका कार्यहरूको कार्यक्रम सम्बन्धमा निर्देशन अनुगमन तथा निरीक्षण गर्ने कार्यक्षेत्र भएको कृषि निर्देशनालयले कार्यविधिमा भएको व्यवस्था विपरित कृषि ज्ञान केन्द्र एवं भेटेरीनरी अस्पताल तथा पशुसेवा केन्द्रबाट वितरण हुने प्रकृतीको अनुदान कृषि विकास निर्देशनालयमा कार्यक्रममा राखि अनुदान दिएको छ।
- पूँजिगत प्रकृतीको मेसिनरी औजार खर्च शिर्षक फरक पारी मसलन्द तथा कार्यालय सामाग्रीबाट भुक्तानी भएको ।
- सिप विकास तालिम तथा गोष्ठीमा कार्यालयका चार जना कर्मचारीहरुलाई कार्यपत्र र प्रवचन दुवै बापतको रकम भुक्तानी गरिएकाले प्रवचन बापतको रकम असुल गर्नुपर्ने ।
- अग्रीम जमानत नराखि पेश्की भुक्तानी गरिएको ।
- तालिम कार्यक्रममा कार्यपत्र बापत बढी भुक्तानी भएको रकम असुल गनुपर्ने ।
- सम्झौता भन्दा बढी रकम भुक्तानी भएको असुल गर्नु पर्ने ।
- भ्रमण खर्च भुक्तानी गर्दा भ्रमणबाट फर्किएको दिनको पूरै भ्रमण खर्च भुक्तानी दिएको ।
- विधुत महशुल, खानेपानि महशुल, टेलिफोन महशुल जस्ता अनिवार्य प्रकृतिका मासिक रुपमा गर्नुपर्ने उपभोग बापतको भुक्तानीलाई जरिवाना नतिर्ने बरु छुट लिने गरि समयमानै भुक्तानी दिने व्यवस्था गर्नुपर्ने।
- मन्त्रायका सवारी साधनहरुको विमा तथा नविकरण गर्दा समयमा नै भुक्तानी गरि जरिवाना नतिर्ने बरु छुट लिने तर्फ मन्त्रालयले ध्यान दिन पर्ने देखिन्छ ।
- सहकारी संस्थालाई समेत सम्झौतामा उल्लेख भए बमोजिमको अनुपातमा योगदान गराउनु पर्ने देखिन्छ ।
- कार्यालय भवन निर्माण मा अन्तिम विल भुक्तानी गर्दा सम्झौता अनुसार धरौटी रकम कट्टा नगरिएको र As Built Drawing समेत पेश नभएको ।
- मन्त्रालयले प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान ऐन २०७७, नियमावली २०७८, मापदण्ड २०७८ बमोजिम अनुदान प्रदान गरि पूर्वाधार निर्माण (खोर निर्माण तथा सुधार , खसिबोका संकलन केन्द्र निर्माण, गोठ निर्माण/ सुधार ,धुलो दुध कारखाना निर्माण, साईलो पिट निर्माण , आदी ) गर्दा आयोजनाको नर्मस, स्पेशिफिकेसन, ड्रईङ्ग डिजायन लगायतका मापदण्डहरु स्वीकृत गराई सोको आधारमा लागत अनुमान तयार गर्ने र तोकिएको प्रतिशत सरकार बाट व्यहोरी बाँकी प्रतिशत अनुदान ग्राहिबाट व्यहोर्ने प्रणालि विकास गर्नु पर्ने देखिन्छ ।
- धुलो दुध कारखाना स्थापनाका लागि अनुदान भुक्तानीमा प्रा.लि. लाई सार्वजनिक खरिद ऐन नियम पालना गर्ने गरी सम्झौता गरिएको, धुलो दुध कारखानाको स्टान्डर्ड नर्मस तयार नगरिएको साथै प्रस्ताव दाताकै प्रस्तावलाई आधार मानि लागत अनुमान तय गरिएको ।
- दोहोरो भुक्तानी भएको असुल गर्नुपर्ने ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं



दामोदर खनाल
प्रदेश लेखा नियन्त्रक

## (ज) खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय

- अधिकतम ग्रेड भन्दा बढी ग्रेड भुक्तानी भएकाले असुल गर्नुपर्ने ।
- आयकर ऐन २०५८ बमोजिम बार्षिक आय गणना गरी नियमानुसार पाउने छुट गरी बाँकी तलब भुक्तानी गर्दा कर कट्टी गरी असुल गर्नुपर्ने ।
- योजनाहरुको भुक्तानी दिँदा विभिन्न आइटममा सम्झौता भन्दा फरक गरी भुक्तानी गर्ने गरेको ।
- भौतिक तथा वित्तीय प्रगति न्यून भएको ।
- म.ले.प.फा.न. २०२ सिफारिस भई आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नु पर्नेमा सो नभई भुक्तानी गरेको ।
- निर्माण कार्य र सवारी साधन खरिद गर्दा खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार नगरेको ।
- पेश्की रकम नियमावलीको प्रक्रिया पुर्याइ फर्छ्यौट गर्नु पर्ने ।
- घरभाडा भुक्तानी गर्दा बहाल कर कट्टी सम्वन्धित स्थानिय तहमा दाखिला गर्नुपर्नेमा करदाता सेवा कार्यालयमा दाखिला गरेको ।
- आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।
- वित्तिय प्रतिवेदन तयार गर्न तोकिएको समयअवधि समाप्त भएको मितिले ७ दिन भित्र विदुतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्ने कानुनी व्यवस्था रहेकोमा सार्वजनिक नगरेको ।
- लिलाम बिक्री कारवाही गर्न पर्ने देखिएका कतिपय मालसामानहरु हाल सम्म पनि लिलाम बिक्री नभएको।
- अरुण नदी नियन्त्रणमा विनियोजित बजेटमा टिप्पणी आदेश स्वीकृत गरि विभिन्न ८ वटा प्याकेजमा विभाजन गरि कार्य गरेकोमा Slicing को स्पष्ट आधार प्रमाण सहित तालुक निकाय बाट स्विकृत गराई नियमित गर्नु पर्ने ।
- मुल्य अभिबृद्धि करको ३०% कट्टि गरि कार्यालयले सोझै राजश्व खातामा दाखिला गर्नु पर्नेमा नभएको ।
- कार्यक्रममा प्रतिवेदकलाई तोकिएको दर भन्दा बढी भुक्तानी गरेको ।
- स्वीकृत ढाँचामा डोर हाजिरि फाराम नराखिएको ।
- उपभोक्ता समिति मार्फत भएको काममा योजनाको जानकारी खुल्ने प्रकृतिको आयोजना सम्बन्धी बोर्ड राख्नुपर्ने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुले कुनै लाभको पदमा बहाल नरहेको स्व.घोषणा पेश गर्नुपर्ने ।
- ५० लाख भन्दा बढीका योजनाका काममा भुक्तानी दिँदा अग्रिम आयकर कम कट्टा भएको ।
- निर्माण कार्यको संझौता अवधि समाप्त भई म्याद थप नभएको साथै पेश्की बैंक जमानतको म्याद समेत थप नभएको ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं



दामोदर खनाल
प्रदेश लेखा नियन्त्रक

- भेरियसन आदेश स्वीकृत नभएको ।
- नापी किताब नियन्त्रण खाता नराखिएको ।
- ठेक्का लगत नराखेकोले अघिल्लो बिलहरुबाट के कति भुक्तानी भएको एकिन हुन नसकेकोले ठेक्का सम्वन्धि लगत तयार गरी राख्नु पर्ने ।
- बिमा तथा बैंक कमिशनको बिल भरपाई बेगर भुक्तानी दिएको ।
- कर बिजकको नम्बर सिलसिलेवर नदेखिएको ।
- उपभोक्ता समितिबाट खानेपानी संरचना निर्माण भएको कार्यमा पाइपलाइन बिस्तार तथा निर्माण कार्य संचालन भएको स्थानको चेनेज खुलाएको पाइएन । साथै आ ले प समयमा DPR रिपोर्ट पेश नभएकोले निर्माण भएको संरचना स्विकृत DPRअनुसार भयो भएन एकिन भएन ।
- निर्माण कार्यसंग सम्वन्धित म ले प फा नं ५०५ आइटमवाइज खाता, ५१२ नापी नियन्त्रण खाता, ५०६ ठेक्का सम्वन्धि अभिलेख लगायतका अभिलेखहरु नराखेको ।
- पाइप, फिटिङ सामाग्री सोझै उपभोक्ता समिति मार्फत खरिद गरेको ।
- उपभोक्ता समितिबाट निर्माण भइसकेको कार्य लाभग्राही समुदायलाइ हस्तान्तरण गरेको पाइएन ।
- कार्यालयले म.ले.प. फा.नं. ६०४ बैंक ग्यारेन्टी (Bank Guarantee) अभिलेख खातामा प्राप्त बैंक ग्यारेण्टीहरुको अभिलेख राख्नु पर्ने देखिन्छ ।
- भुक्तानी दिन बाँकीको कच्चावारी ( म.ले.प.फा. २२१) संलग्न नरहेको ।
- तालिम संचालन बापतको रकमको पेश्की फछ्यौट गर्दा प्रतिवेदन, प्रवचन र कार्यपत्र बापत बढी भुक्तानी भएको।
- प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारि खरिद गरेको ।
- दरबन्दी भन्दा बाहिरका सरसफाई माली लगायतका पदमा कार्यरत कर्मचारिहरुलाई दैनिक भ्रमण भत्ता लगायतका अतिरिक्त सुविधा भुक्तानी दिएको।
- पूजिगत खर्च शिर्षकबाट मेशीनरी औजार आदि खरिद गर्दा स्पेशिफिकेशन तथा लागत अनुमान स्वीकृत गरी मात्र खरिद प्रक्रिया अवलम्वन गर्नु पर्ने ।
- कार्यालयले फर्महरुलाई धरौट्टी रकम फिर्ता गर्दा कर समायोजन पत्र बेगर नै भुक्तानी गरेको । कार्यालयले विभिन्न मितिमा आम्दानी जनाएको नामनामेसी उल्लेख नभएको तथा प्रयोजन समाप्त भइसकेको धरौटी एकिन गरि नियमअनुसार फिर्ता तथा सदरस्याहा गर्नुपर्ने ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खन...
प्रदेश लेखा नियन्त्रक

## (झ) आन्तरिक मामिला तथा कानून मन्त्रालय

- ठेक्का लगत म.ले.प फारम अनुसार राख्नुपर्नेमा सो बमोजिम राखेको नदेखिएको ।
- कार्यालयले कन्टिन्जेन्सी खर्चको विवरण स्वीकृत ढाँचामा राख्नुपर्नेमा नराखेको देखिएको ।
- वित्तिय प्रतिवेदन तयार गर्न तोकिएको समयअवधि समाप्त भएको मितिले ७ दिन भित्र विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्ने कानुनी व्यवस्था रहेकोमा सार्वजनिक नगरेको ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १६ बमोजिम खरिद इकाई गठन गरी खरिद प्रकृया व्यवस्थित गर्नु पर्ने देखियो ।
- कर्मचारी दस्तखत नमुना फारम प्रयोगमा ल्याउनु पर्ने देखिन्छ ।
- मन्त्रालयले विद्युत महशुल, खानेपानि महशुल, टेलिफोन महशुल जस्ता अनिवार्य प्रकृतिका मासिक रुपमा गर्नुपर्ने उपभोग वापतको भुक्तानीलाई जरिवाना नतिर्ने बरु छुट लिने गरि समयमानै भुक्तानी दिने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को मापदण्ड नं.६ को बुँदा ५ मा विशिष्ट व्यक्तिको खाना खाजामा बढीमा एकमुष्ट रु. २०००।०० सम्म खर्च गर्न सक्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था सम्पूर्ण सहभागीहरुको हकमा कार्यान्वयन नहुने भएको हुँदा विशिष्ट व्यक्तिहरुको उपस्थिति संख्याको आधारमा मात्र खर्च गर्न पर्ने देखिन्छ ।
- बैंक ग्यारेण्टी अभिलेख खाता म.ले.प.फा.नं. ६०४ प्रयोगमा ल्याउनु पर्ने देखिन्छ ।
- पेश्की रकम नियमावलीको प्रक्रिया पुर्याइ फर्छ्यौट गर्नु पर्ने
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारि खरिद गर्न नहुने व्यवस्था रहेको हुदा प्रतिस्पर्धा सिमित नहुने गरी लागत अनुमान तयार तथा खरिद गर्ने तर्फ कार्यालयले व्यवस्था मिलाउनु पर्ने देखिन्छ।
- ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मु.अ. कर रकमको ३०% ले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने छ भन्ने व्यवस्था रहेकोमा कतिपय भुक्तानीमा सो अनुसार नभएको ।
- कार्यसंचालन कोष विविधमा एक आर्थिक वर्षमा बाँध्नुपर्ने आम्दानी अर्को आर्थिक वर्षमा बाँधेको देखिन्छ।

कोष कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

## (ञ) पर्यटन तथा संस्कृति मन्त्रालय

- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग गरी मर्मत आवेदन फारम तथा मर्मत अभिलेख खाता तयार गर्नु पर्ने ।
- पेश्की फर्छ्यौट नभएको ।
- पूजिगत सामान खरिद गर्दा लागत अनुमान तयार गर्ने, स्पेशिफिकेशन तयार गर्ने, प्राविधिकबाट मूल्यॉकन(जाँच) गर्ने लगायत का प्रकृयाहरु पुरा गरी खरिद गर्नु पर्नेमा कतिपय खरिद कार्यमा सो अनुसार नभएको ।
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ को मापदण्ड नं.६ को बुँदा ५ मा विशिष्ट व्यक्तिको खाना खाजामा बढीमा एकमुष्ट रु. २०००।०० सम्म खर्च गर्न सक्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था सम्पूर्ण सहभागीहरुको हकमा कार्यान्वयन नहुने भएको हुँदा विशिष्ट व्यक्तिहरुको उपस्थिति संख्याको आधारमा मात्र खर्च गर्नुपर्ने ।
- लागत अनुमान तयार गर्दा जनशक्तिको पारिश्रमिक दैनिक(Man Days) को आधारमा तयार गर्नु पर्नेमा सरकारी मासिक तलव स्केलको आधारमा तयार गरिएको ।
- तलवी प्रतिवेदन पास नगराई तलव / ग्रेड भुक्तनि गरेको ।
- सवारी साधन बिमा नविकरण वापतको रकम सवारी साधन मर्मत शिर्षकबाट भूक्तानी भएको ।
- विद्युत महसुल भूक्तानी गर्दा थप दस्तुर एंव वक्यौता समेत भुक्तानी गरेकोले बढि व्ययभार पारेको ।
- निमित्त कार्यालय प्रमुखलाई निमित्त भत्ता भूक्तानी गर्दा माथिल्लो तलब स्केलमा ग्रेड समेत जोडेर भूक्तानी गरेकोले बढी भूक्तानी भएको रकम असुल गर्नुपर्ने ।
- भ्रमण खर्चको रकम भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नु पर्नेमा कतिपय भुक्तानीमा संलग्न नरहेको।
- सम्झौता भन्दा बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने ।
- कतिपय आयोजनाहरुमा पूर्ण दर विश्लेषण संलग्न नगरेको ।

## (ट) वन, वातावरण तथा भू संरक्षण मन्त्रालय

- विभिन्न किसिमका सामग्री खरिद तथा निर्माण कार्यहरु कर्मचारीलाई पेश्की दिई गर्ने गरेको, अघिल्लो पेश्की फछ्यौंट नगरी पुनः पटक पटक पेश्की दिने गरेको,खरिद योजना नबनाई कार्यक्रम गर्ने गरेको, कर्मचारीहरुलाई कार्यविभाजन उपयुक्त तरिकाले नगरी केही कर्मचारीलाई मात्र कार्यक्रम गर्न ठूलो मात्रामा पेश्की दिइएको ।
- तलवी प्रतिवेदन पास नगराई तलव तथा ग्रेड रकम भुक्तानी गरेको ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं



दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

- पारिश्रमिक आय कर कट्टी नगरेको ।
- निर्माण कार्यमा सम्झौताभन्दा बढी परिमाणको रकम भुक्तानी गरेको ।
- कर्मचारीलाई पेश्की दिई निर्माण कार्य गरेको ।
- म्यादभित्र पेश्की फछ्र्यौट नगरेको ।
- कार्यालयले विभिन्न खरिद तथा तथा निर्माण कार्यमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरी कर्मचारी पेश्कीको माध्यमबाट अधिकांस निर्माण तथा खरिद कार्य गरेको
- पेश्की फर्छ्यौट नगरी पुन पेश्की दिएको ।
- भुक्तानीको लागी बिल, भरपाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबाट भुक्तानीकारोवारको सिफारिस पत्र( म.ले.प.फा.न. २०२) सिफारिस भै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नु पर्नेमा सो बमोजिम गरेको पाईएन ।
- वित्तिय प्रतिवेदन तयार गर्न तोकिएको समयअवधि समाप्त भएको मितिले ७ दिन भित्र विदुतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्ने कानुनी व्यवस्था रहेकोमा सार्वजनिक नगरेको ।
- आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।
- कार्यालयले लिलाम बिक्री गर्नुपर्ने पुराना सामानहरु जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम लिलाम बिक्री गरेको नदेखिएको ।
- अनुगमन वा भ्रमणमा जाने कर्मचारीको अभिलेख किताब मा सिलसिलेवार हिसावले अभिलेख जनाइएको पाइएन ।
- जिन्सि निरीक्षणबाट देखाइएका मर्मत गर्नुपर्ने जिन्सिसामानहरु मर्मत संभार गरी प्रयोग गर्न र मर्मत हुन नसक्ने जिन्सि सामानहरु लिलाम बिक्री कारवाही गर्न पर्ने ।
- मुल्य समायोजन वापत बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने ।
- इन्धन खर्च लेख्दा सवारी लगवुकको प्रयोग नगरी खर्च लेखेको ।
- मोविलाइजेशन पेश्की सम्झौता बमोजिम कट्टी नगरिएको ।
- कार्यालयले वार्षिक खरिद योजना तयार गरेको देखिएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १६ बमोजिम खरिद इकाई गठन गरी खरिद प्रकृया व्यवस्थित गर्नुपर्ने ।
- वढि भुक्तानी भएको असुल गर्नुपर्ने ।
- खर्च शिर्षक फरक गरी भुक्तानी दिएको ।
- सार्वजनिक खरीद कार्य गर्दा प्रचलित नियमानुसार खरिद बिधि र प्रकृया अवलम्बन गर्नुपर्ने ।
- बहाल कर र सामाजिक सुरक्षा कर कट्टी नभएको ।
- बढी भुक्तान भएको ग्रेड रकम असुल हुनुपर्ने ।

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं



दामोदर खं...
प्रदेश लेखा नियन्त्रक

